# प्रदेश बालसहभागिता सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावनाः

नेपालको संविधानको धारा ३९ (३) मा बाल सहभागितालाई मौलिक हकका रुपमा व्यवस्था गरिएको, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ज)(५) मा "बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने" भन्ने व्यवस्था भएको, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा सहभागिताको अधिकार, दफा ९ मा अभिव्यक्ति स्वतन्त्रता र सुचनाको अधिकार र दफा १० मा संस्था खोल्ने र शान्तिपुर्वक भेला हुने अधिकार र दफा १४ मा खेदकुद, मनोरञ्जन तथा साँस्कृतिक सहभागिताको अधिकारको व्यवस्था भएको साथै मधेश प्रदेशको प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ को दफा १० मा खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार, दफा १२ मा विचार अभिव्यक्ति, सूचना माग्ने तथा सहभागिताको अधिकार र दफा १३ मा बाल क्लब वा संस्था गठन गर्न सक्ने लगायतका व्यवस्था रहेको, प्रदेश बालबालिका सम्बन्धी ऐन २०७७ को दफा ५० मा नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सक्ने अधिकार अन्तर्गत मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने भनी उल्लेख भएको अवस्थालाई कार्यान्वयनमा ल्याई अर्थपुर्ण बाल सहभागितालाई कार्यान्वयन गर्न बान्छनीय भएकोले मधेश प्रदेशको सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद—१ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "प्रदेश बालसहभागिता सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मधेश प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले मधेश प्रदेशको प्रदेश बालसहभागिता सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्छ।

(ग) "महासन्धि" भन्नाले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेशको सरकारलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "महाशाखा" भन्नाले मधेश प्रदेश सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको बालबालिका सम्बन्धी विषय हेर्ने महाशाखालाई सम्झनु पर्छ ।

(ज)  "बालबालिका सम्बन्धी ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(झ) "प्रदेश बालअधिकार सम्बन्धी ऐन" भन्नाले मधेश प्रदेशको प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले मधेश प्रदेशभित्र रहेका वा गठन हुने महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।

(ट) "संरक्षक" भन्नाले बालबालिकाको हकहितको संरक्षण गर्न प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ठ) "बाल क्लब" भन्नाले प्रदेश अन्तर्गतका विद्यालय र समूदायहरुमा गठन भई सम्बन्धित स्थानीय तहहरुमा सुचिकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाको क्लब वा संस्थालाई सम्झनु पर्छ।

(ड) "बाल क्लब सञ्जाल" भन्नाले बाल क्लब वा संस्थाहरुको वडा तह, स्थानीय तह, जिल्ला र प्रदेश तहका सञ्जालहरुलाई सम्झनु पर्छ ।

(ढ) "विशिष्टीकृत बाल समूह" भन्नाले विश्वव्यापी अभ्यासमा रहेका तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आबद्ध बाल समूहहरुलाई जनाउने छ ।जस्तैः जुनियर रेडक्रस, स्काउट आदि ।

(ण) "अर्थपूर्ण बालसहभागिता" भन्नाले बालबालिकासँग सम्बन्धित विषयहरुमा बालबालिकाहरुको सम्मानजनक उपस्थिति, जसको सवाल उसैको नेतृत्वको भावनालाई आत्मसात गरिएको, उनीहरुका सवालहरुको निर्णय प्रक्रियामा वयस्कहरुसँगै समान सहभागिता, आफुसँग सम्बन्धित विषयहरुमा स्वतन्त्र रुपमा विचार अभिव्यक्तिको अधिकार, बाल सहभागिताको प्रकृया र नतिजामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइएको प्रकृयालाई सम्झनुपर्दछ ।

(त) "बालमैत्री" भन्नाले बालबालिकाहरुको सर्वोत्तम हितलाई ख्याल गरिएको, निर्णय प्रकृया, संरचना र सवालमा संवेदनशिलता भएको, उमेर र परिपक्वता समेतको आधारमा सबै पृष्ठभुमिका बालबालिकाहरुको समान पँहुच र योजनाचक्रमा बालसहभागिता समेतलाई सम्झनुपर्दछ ।

(थ)  "लैङ्गिकमैत्री" भन्नाले महिला,  पुरुष र यौनिक तथा लैङ्किक अल्पसंख्यक नागरिकहरुको समान पँहुच तथा निर्णय प्रकृया र सवालमा लैङ्गिक संवेदनशिलता भएको, सबै लिङ्गका नागरिकहरुको योजनाचक्रमा समतामूलक सहभागितालाई सम्झनुपर्दछ ।

(द) "अपाङ्गतामैत्री" भन्नाले सबै प्रकारका अपाङ्गता भएका नागरिकहरुको समान पँहुच, निर्णय प्रकृया, सवालहरु, सोच, वातावरण र भौतिक संरचनामा संवेदनशिलता भएको र योजनाचक्रमा सबै प्रकारका अपाङ्गता सहित बहिरा अपाङ्गता भएको नागरिकहरुको लागि दोभाषे सेवा सहितको समतामूलक सहभागितालाई सम्झनुपर्दछ ।

## परिच्छेद—२ : कार्यविधिको उद्देश्य तथा आधारभूत पक्षहरू

३. **उद्देश्य** : यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(क) नेपालको संविधान, नीति तथा प्रचलित कानून एवम् नेपाल सरकार तथा प्रदेश सरकारले प्रतिबद्धता जनाएका बाल सहभागिताको अधिकारको सुनिश्चितता कार्यान्वयन गर्ने गराउने,

(ख) बढ्दो उमेर, परिपक्वता तथा सक्षमताका आधारमा घरपरिवार, समूदाय, प्रदेश तथा स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकाको सहभागिता प्रवर्धन गर्न नीतिगत एवं संस्थागत आधार तय गर्ने,

(ग) प्रदेशसँग सम्बद्ध निकाय, संस्था तथा प्रक्रियामा बाल सहभागितासँग सम्बन्धित क्रियाकलाप एवं अभ्यासलाई सुदृढ गर्ने,

(घ) बालबालिका माथी हुने हिंसा, दूर्व्यवहार, हानी, जोखिम, विभेद, हानीकारक अभ्यास र बेवास्तालाई बाल सहभागिता मार्फत अन्त्य गर्ने,

(ङ) प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा बालबालिकाहरुको अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्न प्रदेश सरकारका तर्फबाट सहजीकरण गर्ने,

४. **कार्यक्षेत्र** : यो कार्यविधिले मधेश प्रदेशमा बालबालिकाको सहभागिता प्रवर्धन गर्ने गराउने काममा सहजीकरण गर्नेछ । कार्यविधिले प्रदेश अन्तर्गतका घरपरिवार, विद्यालय, समूदाय, समूदायस्तरमा बनेका संयन्त्र र समितिहरू, स्थानीय तहहरु तथा गैरसरकारी तथा सामाजिक संस्थाहरु समेतका निर्णय प्रकृया, विधि, स्वामित्व, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अध्ययन, अनुसन्धान र परामर्श लगायतका प्रक्रियागत गतिविधिहरू समेतमा बाल सहभागिता प्रवर्धन गर्नका लागि मार्गनिर्देश गर्नेछ।

५. **बाल सहभागिताका आधारभूत सिद्धान्त, मान्यताहरु र आधारभूत तत्वहरु**

(१) बाल सहभागिताका आधारभूत सिद्धान्त : यस कार्यविधिको कार्यान्वयन गर्दा देहायका सिद्धान्तहरूलाई मधेश प्रदेश सरकारले सम्मान गर्नेछ ।

(क) भेदभाव रहित : यस कार्यविधिको कार्यान्वयनमा कोही पनि बालबालिकालाई लिङ्ग, भाषा, धर्म, उमेर, जातजाती, सम्पत्ति, जन्म, शिक्षा, पहुँच, उत्पत्ति, सामर्थ्य, शारीरिक तथा मानसिक अवस्था, पारिवारिक हैसियत, आर्थिक तथा सामाजिक स्थिति, भौगोलिक अवस्था लगायतका कुनैपनि आधारमा कुनैपनि प्रकारको भेदभाव गरिने छैन।

(ख) सर्वोत्तम हित : बालबालिकालाई सहभागिता गराउँदा उनीहरूको उमेर, परिपक्वता तथा विकासको स्तर अनुरूप सबै लिङ्गका बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गरिनेछ। बाल सहभागितासँग सम्बन्धित

र क्रियाशील सबै घरपरिवार, विद्यालय, समूदाय, समूदायस्तरमा बनेका अन्य संयन्त्र र समितिहरू, स्थानीय तह तथा गैरसरकारी तथा सामाजिक संस्था लगायत अनौपचारिक संयन्त्र समेतलाई बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई सदैव सम्मान गर्न अभिप्रेरित गरिनेछ ।

(ग) दीर्घजीवन र विकास : बाल सहभागिताका लागि लक्षित क्रियाकलाप गर्दा गराउँदा बालबालिकाको समग्र जीवन (दीर्घजीवन) र विकासमा योगदान पुऱ्याउने गरी गरिनेछ ।

(घ) विचार अभिव्यक्तिको अवसर र त्यसको सम्मान : बालबालिकाको आफ्नो जीवनसँग सम्बन्धित कुनैपनि विषयमा छलफल तथा निर्णय, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका प्रक्रियामा बालबालिकालाई आफ्नो विचार (व्यक्तिगत वा सामूहिक रुपमा) अभिव्यक्तिको अवसर दिइनेछ । बालबालिकाले व्यक्त गरेको त्यस्तो विचारलाई उनीहरूको बढ्दो उमेर, परिपक्वता र सक्षमतालाई ध्यानमा राख्दै प्रत्येक चरण र निर्णय प्रक्रियामा उचित सम्मान गरिनेछ । साथै, बालबालिकाले व्यक्त गरेका विचारहरुमा विषयगत आधारमा गोपनियता कायम राख्नुपर्ने सवालमा विशेष ध्यान दिइनेछ ।

(२) बाल सहभागिताका मान्यताहरु : यस प्रदेशमा बाल सहभागितालाई प्रवर्धन गर्दा देहायका मान्यताहरूलाई सम्मान गरिनेछ :

(क) बालबालिकालाई आफ्नो जीवनमा प्रभाव पार्ने विषयसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुने अधिकार हुनेछ ।

(ख) सहभागिता बालबालिकाको सम्मानको आधार र सशक्तिकरणको एक व्यावहारिक उपाय हो ।

(ग) बालअधिकारको सन्दर्भमा सहभागितालाई बालबालिकाले आफ्ना अधिकार उपयोग गर्ने एक सशक्त माध्यमका रूपमा प्रयोगमा लिइनेछ ।

(घ) अर्थपूर्ण सहभागिताका लागि बालबालिकाको सशक्तिकरण गरिनु जरूरी रहेको र सहभागिताको अवसरले उनीहरूलाई थप सशक्त बनाउँदछ भन्ने तथ्यलाई आत्मसात् गरिनेछ ।

(३) आधारभूत तत्वहरुः मधेश प्रदेशमा बालसहभागिताको सुनिश्चितताका लागि नेपालको संविधान र विद्यमान संघीय तथा प्रदेश कानूनहरुको भावना र संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिले व्याख्या गरेका देहायका आधारभूत तत्वहरूको परिपालना गरिनेछ ।

(क) पारदर्शिता र सुसूचित : बालबालिकाले आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्न पाउने र उनीहरुको विचारलाई महत्व दिइनुपर्ने अधिकारबारे बुझ्न सक्नेगरी तथा उमेर उपयुक्त किसिमबाट सूचना तथा जानकारी दिइनेछ ।

(ख) स्वयंसेवी : कुनै पनि बालबालिकालाई निजको इच्छाविरूद्ध सहभागी हुन वा विचार व्यक्त गर्न दबाव दिइनेछैन । बाल सहभागिताका सन्दर्भमा कुनै पनि समयमा सहभागी हुनबाट आफूलाई अलग हुन सक्नेबारे बालबालिकालाई पूर्वसूचित गरिनेछ ।

(ग) सम्मानपूर्ण : बालबालिकाको विचारलाई सम्मानका साथ उनीहरूलाई आफै आफ्ना विचार व्यक्त गर्न र आफ्नै सहभागितामा क्रियाकलापहरू सञ्चालन गर्न अवसरहरू दिइनेछ । बालबालिकासँग काम गर्ने वयस्कहरू उनीहरूका कुरा बुझ्न सक्ने, उनीहरूलाई सम्मान गर्ने र बाल सहभागिताका लागि राम्रो उदाहरणहरू सिर्जना गर्नसक्ने अभ्यासरत भएको कुरा सुनिश्चित गरिनेछ ।

(घ) सान्दर्भिकता : बाल सहभागिताका विषयहरू बालबालिकाको जीवनको वास्तविकतासँग सम्बन्धित भएको सुनिश्चत गरिनेछ। त्यसरी पहिचान गरिएका विषयहरू सान्दर्भिक र महत्वपूर्ण भएको कुरा सुनिश्चित गर्न, बालबालिकालाई सक्षम बनाउन उपयुक्त स्थान, वातावरण, प्रक्रिया र सहजीकरण अबलम्वन गरिनेछ । विचार अभिव्यक्तिको अवसर उनीहरूको ज्ञान, सीप र क्षमता बढाउन सहयोग पुऱ्याउने प्रकृयाबाट सञ्चालन गरिनेछ ।

(ङ) बालमैत्री : बालबालिकाको उमेर र क्षमताअनुरूप हुनेगरी बाल सहभागिताको वातावरण र प्रक्रियाको छनौट तथा पहिचान गरिनेछ । बालबालिकालाई सहभागी हुनको लागि पर्याप्त समय एवम् तयारी गरी बालबालिकाले प्रोत्साहनपूर्ण वातावरणमा आफ्ना विचार अभिव्यक्त गर्ने वातावरण बनाइनेछ।

(च) समावेशी : सामाजिक, साँस्कृतिक लगायत विभिन्न पृष्ठभुमिका आधारमा रहेका विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीकृत गर्ने तथा सीमान्तकृत र विशेष पृष्ठभुमिका बालबालिका सबैको लागि समान अवसरहरू उपलब्ध गराई समावेशी बाल सहभागिता सुनिश्चित गरिनेछ । बालबालिकासँग काम गर्दा निजको व्यक्तिगत क्षमता तथा सामाजिक, साँस्कृतिक र आर्थिक पृष्ठभुमिसँग सम्बन्धित संवेदनशीलतालाई अबलम्वन गरिनेछ ।

(छ) क्षमता विकासमा सहयोग गर्ने : प्रभावकारी रूपमा बाल सहभागिता प्रवर्धन गर्न सहजीकरणका लागि वयस्क एवम् बालबालिकाहरुको क्षमता विकास गरिनेछ ।

(ज) सुरक्षित र जोखिमबारे संवेदनशीलता : बालबालिका माथि हुनसक्ने हानी वा सहभागिताका कारण आउनसक्ने नकारात्मक परिणाम समेतको संभावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू अपनाइनेछ । बालबालिकालाई जोखिमबाट सुरक्षित हुन पाउने आफ्नो अधिकारबारे सचेत हुन र आवश्यक परेमा सहयोगको लागि कहाँ जाने भन्ने बारे स्पष्ट जानकारी दिइनेछ ।

(झ) जवाफदेही : बालबालिकासँग सम्बन्धित कार्यक्रम र बाल सहभागितामा सम्पन्न गरिएका कार्यको अनुगमन र मूल्याङ्कन गर्न सहजीकरण गर्ने निकाय वा संस्थालाई जवाफदेही बनाइनेछ । बालबालिकासँग सम्बन्धित कार्यक्रम र बाल सहभागिताका प्रक्रिया र परिणामबारे नियमित सहभागितामूलक लेखाजोखा गरिनुको साथै तिनको अभिलेखीकरण गरिनेछ ।

६. **बाल सहभागिताका विशिष्टीकृत क्षेत्रहरु** : बाल सहभागिता कार्यान्वयन गर्दा बालबालिकासँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने विषय तथा क्षेत्रहरुमा बालबालिकाहरुको अनिवार्य रुपमा

अर्थपूर्ण सहभागिता गराइनेछ ।सबै क्षेत्रका बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि जसको सवाल उसैको नेतृत्व भन्ने सवाललाइ आत्मसात गरी बालश्रम न्यूनीकरणका लागि बालश्रमिकहरुलाई समेत सरोकारवाला मानी आवश्यकता अनुसार सहभागिता गराइनेछ । यस प्रदेशमा घरपरिवार, विद्यालय, समूदाय, बाल क्लब वा संस्था, बाल क्लब सञ्जाल, स्थानीय तह तथा प्रदेश तहमा निम्नानुसार बाल सहभागितालाई प्रवर्धन गरिनेछ । उल्लेखित कार्यहरुको प्रवर्धनका लागि यस प्रदेश अन्तर्गतका स्थानीय तहहरुको क्षमता विकास तथा स्थानीय तहहरुलाई नै जिम्मेवार बनाइनेछ ।

**(१) घरपरिवारः**

क) घरपरिवार तहका सरसल्लाह र निर्णयहरुमा परिवारका बालबालिकाकाहरुको सहभागिताका लागि स्थानीय तहहरुमार्फत सचेतना र परिवारमा बाल सहभागिता प्रवर्धन गरिनेछ ।

**(२) विद्यालयः**

(क) विद्यालयका योजना तथा निर्णय प्रक्रियामा संस्थागत बाल सहभागिता गराइनेछ । यसका लागि सम्बन्धित महाशाखा, शाखा तथा कार्यालयमार्फत सबै विद्यालयहरुलाई सहजीकरण गरिनेछ ।

(ख) सबै विद्यालय (सामुदायिक र संस्थागत) मा विना भेदभाव सहभागिता रहनेगरी बाल क्लबहरु गठन गरी कृयाशिल गर्न गराउन मधेश प्रदेशभित्रका सबै स्थानीय तह र गाउँ तथा नगर बालअधिकार समितिलाई जिम्मेवार बनाइनेछ ।

(ग) विद्यालय व्यवस्थापन समितिमा लैङ्गिक पहिचानका आधारमा सहभागिता सुनिश्चित गर्दै एक बालिका र एक बालकको सहभागितासहित कम्तिमा दुई जनाको संस्थागत बाल सहभागिता सुनिश्चित गरिने छ । यसका लागि सम्बन्धित महाशाखा, शाखा तथा कार्यालय मार्फत विद्यालयहरुलाई लिखित निर्देशन जारी गरिनेछ ।

**(३) समूदायः**

(क) समूदाय तहमा बन्ने समिति, समूह, औपचारिक तथा अनौपचारिक संस्थाहरु र अभ्यासहरुमा बाल सहभागिता सुनिश्चित गरिनेछ ।

(ख) समूदायमा कार्यान्वयन गरिने योजनाहरुको चक्र तथा कार्यहरुमा बाल सहभागिता सुनिश्चित गरिनेछ।

(ग) आवश्यकता अनुसार समूदायतहको बाल क्लब वा संस्थाहरुमा सो स्थानमा रहेको सम्बन्धित समूदायको सामाजिक, साँस्कृतिक, भौगोलिक लगायतका पृष्ठभूमिका आधारमा बालबालिकाहरुको विशेष प्राथमिकताका साथ सहभागिता गराउनुपर्नेमा सो अनुसार गरिनेछ ।

## परिच्छेद ३ : नीतिगत व्यवस्था र लक्षित सेवा

**७. बालक्लब तथा बाल क्लब सञ्जाल गठन र सहजीकरण**

(क) सबै बालबालिकाले आफ्नो उमेर, क्षमता र रुची अनुसार बालअधिकारको प्रवर्धन एवं बाल संरक्षणका लागि बाल क्लब वा बाल क्लबका सञ्जालहरु खोल्न र आबद्ध हुन पाउनेछन् ।

(ख) मधेश प्रदेश भित्रका सबै स्थानीय तहका वडा कार्यालयहरुले आफ्नो भूगोलभित्रका सबै विद्यालय (सामुदायिक र संस्थागत) हरुमा र आवश्यकता अनुसार समूदायहरुमा समेत सबै बालबालिकाहरुको सहभागिता हुनेगरी बाल क्लब वा संस्थाहरु गठन गर्नेछन् ।

(ग) प्रत्येक विद्यालयहरु (सामुदायिक र संस्थागत) मा एक विद्यालयमा कम्तिमा एक बाल क्लब रहनेछ ।

(घ) सबै बालबालिकालाई समेट्नका लागि बाल क्लब र बाल क्लब सञ्जालभित्र विभिन्न उपसमूहहरु बनाएर बाल क्लबका विभिन्न प्रक्रियाहरुमा सहभागिता गराइनेछ । यस्ता उपसमूहहरु गठन गर्दा तीनवटा उमेर समूह (क. आठदेखि एघार वर्ष उमेरसम्मका ख. बाह्रदेखि पन्ध्र वर्ष उमेरसम्मका ग. सोह्रदेखि अठार वर्ष उमेरसम्मका) का आधारमा गठन गर्न सकिनेछ ।

(ङ) वडा कार्यालय र विद्यालयहरुले आआफ्नो वडा र विद्यालयमा बाल क्लब गठनका लागि समन्वय र सहजीकरण गर्नुपर्नेछ । बाल क्लब सञ्जाल गठनको सहजीकरण भने वडा तहमा वडा कार्यालय र स्थानीय तहमा सम्बन्धित स्थानीय तहको बालअधिकार विषय हेर्ने समिति तथा शाखाले गर्नेछ ।

(च) सामाजिक संघ/संस्थाले बाल क्लब तथा बाल क्लब सञ्जाल गठन वा सहजीकरण गर्नुपर्दा पनि सम्बन्धित वडा कार्यालयको समन्वयमा मात्र गर्नुपर्नेछ ।

(छ) बाल क्लब तथा बाल क्लब सञ्जालको सम्पूर्ण विवरण वडा कार्यालय तथा स्थानीय तहको महिला बालबालिका शाखा वा तोकिएको शाखामा अभिलेखीकरण गर्नुपर्नेछ । यस अघि गठन भएका बाल क्लब तथा सञ्जालहरु पनि यसै कार्यविधि अनुसार अभिलेखीकरण गरिनेछ ।

(ज) बाल क्लब तथा बाल क्लब सञ्जालको दर्ता तथा नविकरणको काम गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ । बाल क्लब तथा सञ्जालहरुसँग सम्बन्धित वडाहरुको सम्पूर्ण विवरणको अभिलेखीकरण गरी महिला बालबालिका शाखा वा तोकिएको शाखामा पठाउनु पर्नेछ ।

(झ) बाल क्लब तथा बाल क्लब सञ्जाल दर्ता तथा नविकरण पश्चात सम्बन्धित क्लब तथा सञ्जाललाई प्रमाणपत्रको व्यवस्था गर्नुपर्नेछ ।

(ञ) स्थानीय तहमा बाल क्लब तथा सञ्जालको दर्ता, अभिलेखीकरण र सहजीकरणको फोकल व्यक्तिका रुपमा बालकल्याण अधिकारीले जिम्मेवारी पुरा गर्नुपर्नेछ ।

(ट) बाल क्लब तथा बाल क्लब सञ्जालको दर्ता भएपश्चात बाल क्लब वा सञ्जालको वार्षिक साधारणसभा सम्पन्न भएको मितिले तीन महिनाभित्र प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ । बाल क्लब तथा सञ्जालहरुको वार्षिक साधारण सभा चैत्र देखि जेष्ठ मसान्त भित्र गर्नुपर्नेछ ।

(ठ) बाल क्लब दर्ता तथा नविकरण प्रकृया निशुल्क हुनेछ ।

(ड) बाल क्लब तथा बाल क्लब सञ्जाल गठनका लागि कम्तिमा पन्ध्र दिन अगाडी सबै बालबालिकालाई जानकारी सम्बन्धित वडा कार्यालय मार्फत गराउनु पर्नेछ । सामाजिक संघ संस्थाहरुले बाल क्लब गठनको सहजीकरण गर्दा पनि सम्बन्धित वडा कार्यालयमार्फत जानकारी गराउनु पर्दछ ।

(ढ) बाल क्लबको संख्या वडाभित्र रहेका विद्यालय र टोल वस्ती अनुसार कम बढी हुनसक्नेछ तर प्रत्येक विद्यालयमा एक र प्रत्येक समूदायमा कम्तिमा एक बाल क्लब हुनेछ ।

(ण) बाल क्लबहरुबीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसरहरु सृजना गर्न वडा र स्थानीय तह दुवैमा बाल क्लब सञ्जालहरु गठन गरिनेछ । यस्ता बाल क्लब सञ्जालहरु सम्बन्धित स्थानीय तह र वडातहमा रहेका सबै बालक्लबहरुलाई समेटी गठन हुनेछ ।

(त) बाल क्लब तथा सञ्जालहरुले आफुहरुमध्येबाट नेतृत्व छनौट गरी कार्यसमिति गठन गर्नेछन् । वडाभित्र रहेका सबै बाल क्लबहरुको प्रतिनिधिहरु (कम्तिमा एक बालक र एक बालिका) को उपस्थितिमा वडास्तरीय बाल क्लब सञ्जाल र वडा स्तरीय सबै बाल क्लब सञ्जालहरुका प्रतिनिधिहरुको (सबै वडाका कम्तिमा एक बालक र एक वालिका) को उपस्थितीमा स्थानीय तह स्तरीय बाल क्लब सञ्जाल गठन गर्नुपर्नेछ ।

(थ) बाल क्लबहरुको जिल्ला स्तरीय सञ्जाल जिल्ला समन्वय समितिको सहजीकरणमा गठन स्थानीय तह अन्तर्गत रहेका बाल क्लब सञ्जालका प्रतिनिधिहरु (कम्तिमा एक बालक र एक बालिका) को उपस्थितिमा गर्न सकिनेछ । त्यसैगरी प्रदेशस्तरीय बाल क्लब सञ्जालको गठन बालबालिका हेर्ने महाशाखा, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको सहजीकरणमा प्रत्येक जिल्लाबाट बाल क्लब सञ्जालका प्रतिनिधिहरु (कम्तिमा एक बालक र एक बालिका) को उपस्थितिमा गरिनेछ ।

(द) बाल क्लब तथा सञ्जालको कार्यसमितिमा ९ देखि २१ सदस्य रहन सक्नेछन् । कार्यसमिति अन्तर्गत विभिन्न उपसमितिहरु गठन गर्न सकिने छ र त्यस्ता उपसमितिहरुमा ३ देखि ५ जनासम्म सदस्यहरु राख्न सकिनेछ । कार्यसमितिका सदस्यहरुलाई विषयगत समितिहरुको संयोजकको जिम्मेवारी दिइनेछ ।

(ध) बाल क्लब तथा बाल क्लब सञ्जालको कार्यसमितिमा बहुपदीय नेतृत्व रहनेछन् । जसमा बालभेलाबाट बहुमत सदस्यहरुबाट छनौट वा निर्वाचित भएका अध्यक्ष १, उपाध्यक्ष २ (बालक १ र बालिका १), सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरु रहनेछन् ।

(न) बाल क्लब तथा सञ्जालको कार्यसमितिमा आउनका लागि ८ देखि १८ वर्षसम्मका बालबालिका हुनुपर्नेछ तर बाल क्लबको साधारण सदस्यमा भने सबै उमेर समूहका बालबालिका रहनेछन् ।

(प) प्रत्येक वडामा एक बाल क्लब सञ्जाल, प्रत्येक स्थानीय तहमा स्थानीय तहस्तरीय बाल क्लब सञ्जाल, प्रत्येक जिल्लामा एक जिल्लास्तरीय बाल क्लब सञ्जाल र प्रदेश तहमा प्रदेशस्तरीय बाल क्लब सञ्जाल रहनेछ ।

(फ) बाल क्लब वा बाल क्लब सञ्जालको नेतृत्व छनौट गर्दा पदाधिकारी तथा कार्यसमिति सदस्यमा कम्तिमा पचास प्रतिशत बालिकाहरुको नेतृत्व सुनिश्चित गरिनेछ । बाल क्लब वा बाल क्लब सञ्जालको नेतृत्वमा समूदायमा सामाजिक, साँस्कृतिक र अन्य विभिन्न कारणहरुले पछाडी पारिएका समूदायका बालबालिकाहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका, लोपोन्मुख समूदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाहरु समेतको नेतृत्वदायी सहभागितालाई अनिवार्य रुपमा सुनिश्चित गरिनेछ।

(ब) बाल क्लब तथा बाल क्लब सञ्जालको कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ । दुई वर्षको कार्यकाल पूरा गरेका बाल क्लब तथा बाल क्लब सञ्जालका कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु पुनः निर्वाचित हुन पनि पाउनेछन् तर एकै पदमा दोहोर्याउन भने पाउने छैनन । पदाधिकारीमा बढीमा दुई कार्यकाल रहन सक्नेछन् । कार्यकालको गणना गर्दा गठन भएको मितिबाट सो वर्षको चैत्र मसान्त भित्रलाई एक वर्ष र अर्को चैत्र मसान्ससम्मलाई अर्को वर्ष मानिनेछ ।

(भ) बाल क्लब तथा बाल क्लब सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तिमा एक पटक बस्न सक्नेछ । मासिक बैठक बस्न सक्ने अवस्था नरहेकोमा वर्षमा कम्तिमा चार वटा बैठक बस्नु पर्नेछ।

(म) बाल क्लब तथा बाल क्लब सञ्जालको कार्यालय र नियमित बैठकका लागि सम्बन्धित स्थानीय तह, वडा कार्यालय वा विद्यालयले उपयुक्त स्थान उपलब्ध गराउनेछन् ।

(य) वडा कार्यालयले वडा समितिबाट एक जना निर्वाचित जनप्रतिनिधिलाई बाल क्लब तथा बाल क्लब सञ्जालको गठन र सहजीकरणका लागि फोकल व्यक्ति तोक्नेछन् । विद्यालयस्तरीय बाल क्लबको सहजीकरणका लागि सम्बन्धित विद्यालयले पनि एक जना फोकल शिक्षक तोक्नेछ ।

(र) बाल क्लब तथा बाल क्लब सञ्जाल दर्ता गर्दा बालक, बालिका तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिकाको संख्या, उमेर, कार्यसमितिका पदाधिकारी र सदस्यको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, कार्यसमितिको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि सहित आवश्यक विवरण खुलाइ सम्बन्धित वडामा निवेदन दिनु पर्नेछ । सम्बन्धित वडा कार्यालयले आफ्नो वडाभित्र रहेका बाल क्लब तथा सञ्जालहरुको दर्ता गरी सो विवरण स्थानीय तहको तोकिएको शाखा तथा फोकल व्यक्तिलाई समेत अभिलेखीकरणका लागि उपलब्ध गराउनुपर्दछ ।

(ल) बाल क्लबहरु बाहेक विद्यालय तथा समूदायमा विशिष्टीकृत बाल समूहहरु जस्तै जुनियर रेडक्रस, स्काउट आदी पनि रहन सक्नेछन् । स्थानीय तहहरु, वडा कार्यालयहरु, विद्यालयहरु तथा सम्बन्धित सरोकारवालाहरुले यस्ता विशिष्टीकृत बाल समूहहरुसँग समेत समन्वयमा बालबालिकाका सवालहरुमा काम गर्नुपर्दछ र यस्ता विशिष्टीकृत बाल समूहहरुको पनि संस्थागत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ । यस्ता विशिष्टीकृत बाल समूहहरुको पनि वडा तथा स्थानीय तहमा दर्ता गरिने छ र बाल क्लब सञ्जालमा समेत संस्थागत प्रतिनिधित्व सुनिश्चित हुनेछ ।

(व) विभिन्न कार्यक्रम, परियोजना, संघ, संस्थाहरुले आफ्नो परियोजना तथा कार्यक्रमको उद्देश्य अनुसारको बाल सल्लाहकार समूह गठन गर्न सक्नेछन् । यस्ता बाल सल्लाहकार समूह गठन गर्दा सम्बन्धित वडा वा स्थानीय तहको बाल क्लब सञ्जाल तथा सम्बन्धित निकाय समेतको समन्वयमा गठन हुनेछ ।

(ष) बाल क्लब तथा बाल क्लब सञ्जालले अनुसुची १ मा उल्लेख भए अनुसारका विभिन्न क्रियाकलापहरुमा सहभागिता तथा नेतृत्व लिन सक्नेछन् ।

## ८. बाल सहभागिताको प्रवर्धनका लागि सरोकारवालाको जिम्मेवारी

### (१) स्थानीय तह

(क) स्थानीय तहहरुले आवश्यकता अनुसार बाल सहभागिता सम्बन्धी कार्यविधि तयार गरी बाल क्लब वा संस्था तथा तिनीहरुका सञ्जालहरुलाई व्यवस्थित गर्नुका साथै बालबालिकाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सक्नेछन् ।

(ख) सबै स्थानीय तहहरुको शासन, विकास निर्माणका चरण (योजना, कार्यान्वयन, अनुगमन, मूल्यांकन), सूचना सम्प्रेषण, सार्वजनिक जवाफदेहिताका प्रकृयाहरु र कार्यक्रमहरुमा बाल क्लब वा संस्था तथा बाल क्लब सञ्जालहरु मार्फत संस्थागत अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन अबलम्वन गरिनेछ ।

(ग) स्थानीय तहहरुको बालबालिकाहरुसँग सम्बन्धित निर्णय प्रकृयामा संस्थागत बालसहभागिता सुनिश्चित गरिनेछ ।

(घ) स्थानीय तहमा नियमित बाल भेला मार्फत बालबालिकाका आवाज र सवालहरुको संस्थागत सुनुवाईको व्यवस्था गरिनेछ ।

(ङ) बालबालिकाका सवालहरुको सम्बोधन र बाल सहभागितासँग सम्बन्धित कार्यका लागि आवश्यक नीतिगत र स्रोतको व्यवस्था सम्बन्धित स्थानीय तहहरुमार्फत आफैं वा प्रदेश सरकार वा अन्य सरोकारवालाहरुसँगको समन्वयमा गर्ने प्रबन्ध मिलाइनेछ ।

(च) स्थानीय तह र वडाहरुमा बन्ने बालअधिकारसँग सम्बन्धित समिति/संरचनाहरु तथा अन्य औपचारिक र अनौपचारिक समितीहरुमा बालबालिकाहरु समेतको संस्थागत सहभागिता सुनिश्चित गरिनेछ ।

(छ) स्थानीय तहका कार्यपालिकाहरुमा एक बाल सल्लाहकार समूह बनाउन सकिनेछ । बाल सल्लाहकार समूहका पदाधिकारी तथा सदस्यहरुको सिफारिस सम्बन्धित स्थानीय तहको बाल क्लब सञ्जालले गर्नेछ । बाल सल्लाहकार समूहमा बालबालिकाको सिफारिस गर्दा समावेशीताका आधारमा सिफारिस गर्नुपर्नेछ । बाल सल्लाहकार समूहले सम्बन्धित स्थानीय तहलाई आवश्यकता अनुसार बैठक छलफलमार्फत बालबालिकासँग सम्बन्धित सवालहरु, स्थानीय तहका नीति, नियम, कानून, योजना, बजेट लगायतका सवालहरुमा बालबालिकाहरुको साझा सुझावहरु संकलन गरी उपलब्ध गराउनेछन् । यस्ता सुझावहरु बाल सल्लाहकार समूहले बाल क्लब वा संस्था तथा सञ्जालहरुको सामूहिक छलफल, अभियान्ता तथा विषयविज्ञहरुसँग समेत परामर्श गरेर तय गर्नेछन् ।

(ज) स्थानीय तहले बाल क्लब तथा बाल क्लब सञ्जालको अनुगमन, नियमन तथा आवश्यक व्यवस्थापनको स्थानीय तहको बालअधिकार समिति अन्तर्गत रहने उपसमितिले गर्नेछ । उपसमितिको गठन कार्यपालिकाले तय गरे बमोजिम हुनेछ ।

**२. जिल्ला तह**

(क) जिल्ला तहमा बाल सहभागितालाई संस्थागत रुपमा प्रवर्धन गर्नका लागि एक जिल्लास्तरीय बाल क्लब सञ्जाल गठन गरिनेछ ।

(ख) बाल क्लब सञ्जालमा जिल्लाभित्रका सबै स्थानीय तहका बाल क्लब सञ्जालका प्रतिनिधिहरु (बालक १ र बालिका १) को प्रतिनिधित्व हुनेछ ।

(ग) जिल्ला बाल क्लब सञ्जालको भेला कम्तिमा वर्षमा दुईपटक आयोजना गरिनेछ । भेलाको व्यवस्थापन जिल्ला समन्वय समितिले गर्नेछ ।

(घ) जिल्ला बाल क्लब सञ्जालमा सम्बन्धित जिल्लाको सामाजिक, साँस्कृतिक, भूगोल, लिङ्ग र विभिन्न समूह तथा समूदायका बालबालिकाहरुको समावेशी प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गरिनेछ । जिल्ला बाल क्लब सञ्जालमा अपाङ्गता भएका बालबालिका, लोपोन्मुख समूदायका बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका, जोखिम समूहको प्रतिनिधित्व गर्ने बालबालिकाको अनिवार्य रुपमा सहभागिता सुनिश्चित गरिनेछ ।

(ङ) जिल्ला समन्वय समितिले बाल क्लब तथा बाल क्लब सञ्जाल अनुगमन निर्देशिका तयार गरी कार्यान्वयन गर्नेछ ।

**३. प्रदेश तह**

(क) प्रदेश तहमा बाल सहभागितालाई संस्थागत रुपमा प्रवर्धन गर्नका लागि प्रदेश तहमा एक बाल क्लब सञ्जालको व्यवस्था गरिनेछ ।

(ख) बाल क्लब सञ्जालमा मधेश प्रदेश भित्रका सबै जिल्लास्तरीय बाल क्लब सञ्जालका प्रतिनिधिहरुको सहभागिता रहनेछ । प्रदेश बाल क्लब सञ्जालमा सबै जिल्लाबाट लैङ्गिक समानता सुनिश्चित हुनेगरी कम्तिमा एक बालक र एक बालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(ग) प्रदेश बाल क्लब सञ्जालको भेला कम्तिमा वर्षमा दुईपटक आयोजना गरिनेछ । भेलाको व्यवस्थापन बालबालिका सम्बन्धी विषय हेर्ने प्रदेशको मन्त्रालयले गर्नेछ ।

(घ) प्रदेश बाल क्लब सञ्जालमा सामाजिक, साँस्कृतिक, भूगोल, लिङ्ग र विभिन्न समूह तथा समूदायका बालबालिकाहरुको समावेशी प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गरिनेछ । प्रदेश बाल क्लब सञ्जालमा अपाङ्गता भएका बालबालिका, लोपोन्मुख समूदायका बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका, जोखिम समूहको प्रतिनिधित्व गर्ने बालबालिकाको अनिवार्य रुपमा सहभागिता सुनिश्चित गरिनेछ।

(च) प्रदेशस्तरको शासन, विकास निर्माणका चरण (योजना, कार्यान्वयन, अनुगमन, मूल्यांकन), सूचना सम्प्रेषण, सार्वजनिक जवाफदेहिताका प्रकृयाहरु र कार्यक्रमहरुका सम्बन्धमा प्रदेश बाल क्लब सञ्जालले आवश्यक छलफल तथा मधेश प्रदेश सरकार, सम्बन्धित मन्त्रालय, मधेश प्रदेश अन्तर्गतका सम्बन्धित निकायहरु र स्थानीय तहहरुलाई समेत प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत सुझाव पेश गर्न सक्नेछन्।

(छ) बाल सहभागिता सम्बन्धी कार्यविधिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था तथा विभिन्न विकास साझेदारहरु तथा सामाजिक संघ संस्थासँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

(ज) प्रदेशको सम्बन्धित मन्त्रालयको सचिवको संयोजकत्वमा अनुसुची २ अनुसारको एक अनुगमन तथा निर्देशन समिति रहनेछ ।

९. **बालसहभागिताको कार्यान्वयन** : यस मधेश प्रदेशमा बाल सहभागिता कार्यान्वयन गर्दा देहायका चरणहरूलाई मान्यता दिई कार्यान्वयन गरिनेछ ।

(१) तयारीको चरण

(क) बालबालिकालाई सहभागिताको लागि तयार गर्दा सहभागितासँग सम्बन्धित सम्पूर्ण पूर्व जानकारी (के, कहाँ, किन, कहिले, कसरी) गराइनेछ ।

(ख) आफैं वा प्रतिनिधि वा संरक्षक मार्फत् विचार अभिव्यक्त गर्ने विकल्प र सम्भावित परिणामको आंकलन गर्न र बालबालिकालाई पनि उनीहरूको उमेर अनुकूल हुनेगरी जानकारी गराइनेछ ।

७.२ बालसहभागिताको चरण

(क) बालबालिकालाई कुनै कार्यक्रममा सहभागी गराउनु पर्ने अवस्थामा सम्बन्धित बालबालिका, बाल क्लब वा संस्था वा बाल क्लब सञ्जाललाई कम्तिमा पाँच दिन अघि लिखित रुपमा सूचना वा जानकारी उपलब्ध गराइनेछ ।

(ख) कुनै पनि बैठक वा कार्यक्रममा सहभागिता जनाउने बालबालिकाले सम्बन्धित बाल क्लब वा संस्था वा सञ्जालमा कार्यक्रम वा बैठकमा सहभागी हुनुपुर्व आफ्नो बाल क्लब वा संस्था वा सञ्जालमा छलफल गरी बालबालिकाहरुको आधिकारिक धारणा र बाल क्लब वा संस्था वा सञ्जालको पत्रसहित सहभागी हुनेछन् । बैठक वा कार्यक्रम पश्चात पुनः आफ्नो बाल क्लब वा संस्था वा सञ्जालमा गई सिकाइ तथा उपलब्धि पनि आदान प्रदान गर्नेछन् ।

(ग) सुचना उपलब्ध गराउँदा सम्बन्धित बालबालिकाका अभिभावक वा संरक्षक र विद्यालयलाई समेत जानकारी गराई पूर्व स्वीकृति लिइनेछ ।

(घ) कार्यक्रममा सहभागी हुने बालबालिकाको लागि विद्यमान ऐनमा उल्लेख भए अनुसार संरक्षकको व्यवस्था गरिनेछ ।

(ङ) बालसहभागिताका क्रममा हुनसक्ने कुनै पनि हिंसा, दुर्व्यवहार, हानी, जोखिम, विभेद, हानीकारक अभ्यास र बेवास्ताको रोकथामका लागि पूर्व तयारी गरिनेछ ।

(च) बालसहभागिताको प्रकृयामा विद्यमान कानूनमा बालबालिकाका गोपनियता राख्नुपर्ने विषयमा गोपनियता कायम गरिनेछ ।

(छ) बाल सहभागिताको सबै प्रकृयामा बालबालिकाको आफ्नो विचार र भावनालाई मान्यता दिइनेछ ।

(ज) बालसहभागितासँग सम्बन्धित कार्यहरुमा सहभागी छनौट गर्दा बालिका, फरक लैङ्गिक पहिचान भएका बालबालिका, अपाङ्गता, दलित, मधेशी, जोखिममा रहेका बालबालिका, विद्यालय वाहिर रहेका बालबालिका, भूगोल, सामाजिक, साँस्कृतिक लगायतका पृष्ठभुमिका आधारमा प्राथमिकता दिइनेछ ।

(झ) बालबालिका सहभागी हुने कार्यक्रमस्थल तथा कार्यक्रम सञ्चालन प्रकृया बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री हुनुपर्नेछ ।

३. बालसहभागिताको प्रभाव र परिणामबारे जानकारीको चरण

(क) बालबालिकाले व्यक्त गरेको विचार र उनीहरु संलग्न भएको प्रक्रियाबाट के कस्तो प्रभाव पर्‍यो वा के परिणाम आयो वा बालबालिकाका माग वा सुझावहरुमा के के निर्णय वा कार्यान्वयन भए भन्ने बारे बालबालिकालाई बाल क्लब वा संस्था वा बाल क्लब सञ्जालमार्फत संस्थागत रुपमा जानकारी दिइनेछ ।

(ख) बालबालिका सहभागी भएका कार्यक्रमको उपलब्ध तथा उनीहरुले व्यक्त गरेका विचारहरुको माइन्युट, प्रतिवेदन तथा अन्य अभिलेखीकरण गर्दा सो बैठक वा कार्यक्रम वा प्रक्रियाको अन्त्यमा त्यसबाट आएका उपलब्धि, निष्कर्ष तथा सुझावहरुलाई पुनः बालबालिकाले जानकारी पाउने उपयुक्त माध्यमको सुनिश्चितता हुने व्यवस्था गरिनेछ ।

४. उजुरी तथा उपचार सम्बन्धी जानकारी

(क) बाल सहभागिताका क्रममा बालअधिकारको उल्लङ्घन भए वा गरिएमा त्यसबारे उजूरी गर्ने र उपचार सम्बन्धी नीतिगत व्यवस्थाका बारेमा सबै बालबालिकालाई जानकारी दिइनेछ ।

(ख) बालसहभागिताका क्रममा कुनैपनि बालअधिकार उल्लङ्घन भए वा गरिएमा त्यस खालका गतिविधिहरु विरुद्ध उजुरी कसरी, कहाँ गर्ने भन्ने पूर्व जानकारी बालबालिकाहरुलाई उपलब्ध गराइनेछ ।

(ग) उजुरी तथा उपचारको प्रकृयामा विद्यमान कानूनी व्यवस्था अनुसार बाल न्यायको सिद्धान्तलाई अबलम्वन गरिनेछ ।

(घ) उजुरी तथा उपचारको प्रक्रियामा बाल न्यायको सिद्धान्तका आधारमा गोपनियता कायम गरिनेछ ।

## १०. सूचना माग्ने तथा विचार अभिव्यक्तिको अधिकार

(१) सबै बालबालिकाहरुलाई आफ्नो उमेर एवं परिपक्वता अनुरुप हुनेगरी आफुसँग सम्बन्धित वा आफुलाई असर पार्ने (आफनो जीवनसित सरोकार रहेको) विषयहरुमा परिवार, समूदाय, विद्यालय र सार्वजनिक निकाय वा संस्था तथा मधेश प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरुमा आफ्नो अर्थपूर्ण सहभागिता सहित आफ्ना विचार वा भावनाहरु अभिव्यक्त गर्ने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

(२) सबै बालबालिकाहरुलाई आफ्नो तथा बालअधिकारसँग सम्बन्धित सार्वजनिक हित एवम् सरोकारबारे सूचना माग्ने र पाउने हक हुने ।

(२) बालबालिकाले अभिव्यक्त गरेको विचारलाई परिवार, समूदाय, विद्यालय र सार्वजनिक निकाय वा संस्था तथा प्रदेश सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरुले प्राथमिकता दिई उचित सुनुवाईको व्यवस्था गरिनेछ ।

(३) प्रचलित कानुन बमोजिम बालबालिकाले आफ्नो तथा बालबालिकासँग सम्बन्धित सार्वजनिक हितको सूचना जानकारी माग गरेमा उनीहरूको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था समेतको ख्याल गरी सरल भाषामा सूचना वा जानकारी उपलब्ध गराउनु यस प्रदेशभित्रका सबै सरकारी, सार्वजनिक वा नीजि संस्था वा निकायको कर्तव्य हुनेछ ।

(४) बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई व्यवस्थित गर्न सम्बन्धित स्थानीय तहले परिवार, समूदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाको तहमा बालमैत्री विधि र प्रक्रिया निर्धारण गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(५) बालबालिकाको उमेर, परिपक्वता तथा बौद्धिक अवस्था अनुरूप हुनेगरी मधेश प्रदेश भित्रका सबै स्थानीय तहहरुको योजना निर्माण प्रक्रियामा उनीहरूको सहभागिता सहित विचार अभिव्यक्त गर्ने अर्थात स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार उपलब्ध गराउनु पर्नेछ ।

**११. खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार :**

(१) यस प्रदेश अन्तर्गतमा रहेका स्थानीय तहहरु र विभिन्न निकायहरु तथा संघ संस्थाहरुले बालबालिकाको हितमा प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरुप साँस्कृतिक क्रियाकलापमा भाग लिन पाउने सुनिश्चित गरिनेछ ।

(२) बालबालिकाको उमेर, क्षमता र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने तथा बालमैत्री वातावरणमा मनोरञ्जन गर्ने अधिकारको उपभोगका लागि परिवार, विद्यालय तथा समूदायमा आवश्यक व्यवस्था गरिनेछ ।

(३) मधेश प्रदेश अन्तर्गतमा रहेका सबै विद्यालयहरु, सार्वजनिक निकाय वा संस्थाले बालबालिकालाई उमेर र रूचिअनुसार खेल खेल्न, खेलकुदमा सहभागी हुन र मनोरञ्जनको अधिकार उपभोग गर्न प्रोत्साहन गर्नुपर्नेछ ।

(४) विद्यालयमा बालबालिकाका लागि अतिरिक्त, सृजनशील, रुची र कलासँग सम्बन्धित क्रियाकलापका लागि आवश्यक उपयुक्त खेलकुद, स्थल तथा खेल, मनोरञ्जन, कला र साँस्कृतिक सामग्रीहरुको व्यवस्था गरिनेछ ।

## परिच्छेद ४ : संस्थागत संरचना तथा तिनको क्षमता अभिवृद्धि

**१२. यो कार्यविधि कार्यान्वयनका लागि प्रदेशस्तरीय संस्थागत संरचना निम्नानुसार हुनेछ,**

(१) बालबालिका सम्बन्धी ऐनको दफा ६० र प्रदेश बालबालिका सम्बन्धी ऐन २०७७ को दफा दफा ३८ मा रहेको व्यवस्था अनुसार प्रदेश तहमा रहने प्रदेश बालअधिकार समितिले नै यस कार्यविधिको कार्यान्वयनका लागि मूल समितिको रूपमा कार्य गर्ने गराउनेछ । मधेश प्रदेश सरकारले आवश्यकता अनुसार अन्य संरचनाहरुको समेत गठन गर्न सक्नेछ ।

(२) मधेश प्रदेश सरकार, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको विषयगत महाशाखा प्रमुखले यस कार्यविधिको कार्यान्वयनको लागि केन्द्रविन्दुको रूपमा रही कार्य गर्नेछ ।

(३) मधेश प्रदेश सरकार, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको विषयगत महाशाखा प्रमुखको संयोजकत्वमा एक समिति गठन गरी कार्यविधिको प्रभावकारी कार्यान्वयन र कार्यान्वयनको नियमित अनुगमन तथा मूल्यांकन गर्नेछ ।

१३. कार्यविधिको कार्यान्वयनका लागि निम्नानुसार क्षमता अभिवृद्धि गरिनेछ,

(१) बालबालिकाको सहभागिता प्रवर्धन गर्नका लागि प्रदेश तह तथा प्रदेशका स्थानीय तहहरुमा आवश्यक दक्ष जनशक्ति विकास गरिनेछ । जनशक्तिको विकासका लागि बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको विषयगत महाशाखाले विभिन्न तहका सरकारहरु, विभिन्न निकायहरु, गैरसरकारी संस्थाहरु, दातृ निकायहरु, विकास साझेदार, बालक्लब तथा बाल क्लब सञ्जाल, नीजि क्षेत्र आदिसँग पनि समन्वय, सहकार्य र सहयोग लिन सक्नेछ ।

(२) यो कार्यविधिको कार्यान्वयनको लागि आवश्यक जनशक्ति विकास गर्ने गराउने मूल दायित्व मधेश प्रदेशको प्रदेश बालअधिकार समितिको नेतृत्वमा बालबालिका सम्बन्धी विषय हेर्ने महाशाखा, बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको हुनेछ ।

## परिच्छेद ५ : सरोकारवाला निकाय तथा संस्थाहरुको भूमिका

**१४. यस कार्यविधिको कार्यान्वयनको लागि मधेश प्रदेशका विभिन्न निकाय, संस्था तथा अन्यसरोकारवालाको भूमिका देहायअनुसार हुनेछ :**

**गाँउ तथा नगर बालअधिकार समिति**

(क) बालक्लब, सञ्जाल वा संस्थाका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवनउपयोगी सीप लगायतका तालिम सञ्चालन गर्ने गराउने,

**विद्यालय**

(क) प्रत्येक विद्यालयमा बालसहभागिता प्रवर्धन गर्न बालकेन्द्रीत शिक्षण—सिकाइ विधिको अभ्यास गर्ने,

(ख) विद्यालयमा बालक्लब गठन गर्न सहजीकरण गर्ने,

(ग) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमा सदस्यको रुपमा समावेशी प्रतिनिधित्वको आधारमा २ जना सहभागि गराउने,

(घ) विद्यालयको भौतिक संरचना (कक्षाकोठा, चर्पी, खानेपानी, खेल मैदान) निर्माण गर्ने क्रममा विद्यार्थी (बालक्लब) सँग परामर्श गर्ने र उपयुक्त सुझाव कार्यान्वयन गर्ने, गराउने,

(ङ) बालक्लबका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवनउपयोगी सीप लगायतका तालिम सञ्चालन गर्ने, गराउने,

(च) विद्यालयमा बालसंरक्षणसम्बन्धी कुनै पनि घटनालाई सम्बोधन गर्न उजुरी—सुनुवाई र त्यससम्बन्धी कारबाही अघि बढाउन विद्यालयमा बालसंरक्षण मापदण्ड लागू गर्ने,

**स्वास्थ्य संस्था**

(क) बालबालिकालाई लक्षित गरी स्वास्थ्य सचेतना तथा जानकारीमूलक क्रियाकलाप गर्ने, गराउने,

(ख) बालक्लबमा आबद्ध भएका तथा विद्यालयमा अध्ययनरत बालबालिकालाई परिचालन गरी समूदायका वयस्क तथा बालबालिकालाई स्वास्थ्य सचेतना अभिवृद्धिमा जोड दिने,

(ग) बालक्लबका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवनउपयोगी सीप लगायतका तालिम सञ्चालन गर्ने, गराउने,

(घ) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति मा सदस्यको रुपमा समावेशी प्रतिनिधित्वको आधारमा २ जना सहभागी गराउने

**संघसंस्था (सामुदायिक संस्था समेत)**

(क) बालसहभागिताको अभ्यासको प्रवर्धन गर्न बालक्लबको स्थापना, परिचालन, बालबालिकाको क्षमता विकासमा सहजीकरण गर्ने, स्रोत उपलब्ध गराउने,

(ख) आफ्नो संस्थामा संघिय बालबालिका ऐनको दफा ५७ बमोजिम बालसंरक्षण मापदण्ड बनाउने, बालसहभागितासम्बन्धी नीति र योजना तर्जुमा बनाउने तथा तत्सम्बन्धमा बालबालिकासँग परामर्श गर्ने अभ्यास बढाउने,

(ग) बालसहभागितासम्बन्धी क्रियाकलाप सञ्चालन तथा सहजीकरण गर्नको निम्ति आफ्नो संस्थागत क्षमता अभिवृद्धि गर्ने, गराउने,

(घ) बालक्लबका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवनउपयोगी सीप लगायतका तालिम सञ्चालन गर्ने, गराउने,

(ङ) गैरसरकारी संस्थाको बालबालिका लक्षित कार्यक्रम तर्जुमा, कार्यान्वयन लगायत सम्पूर्ण कार्यक्रम चक्रमा बाल सल्लाहकार समूहको व्यवस्था गरी बालसहभागिताको अभ्यास गर्ने गराउने,

बाबु आमा वा अभिभावक(च) बालबालिकाको उमेरगत विशेषताबारे जानकारी लिने र उनीहरूसँग मित्रवत तथा मैत्रीपूर्ण बोली बोल्ने तथा व्यवहार गर्ने,

(छ) स्थानीयस्तरमा बालबालिकाको आवस्था, उनीहरूले भोगेका समस्या तथा बालबालिकालाई सघाउन वयस्कको रूपमा आफ्ना जिम्मेवावरीबारे अन्य वयस्कहरूसँग छलफल गर्ने (जानकारी आदानप्रदान गर्ने)

(ज) बालबालिकाका सवाललाई जिम्मेवार निकायसमक्ष पुऱ्याउन सहजीकरण वा पहल गर्ने,

(झ) घरपरिवारमा बालापन प्रवर्धनका लागि बाबु आमा वा अभिभावकले विशेष ध्यान दिने

बालबालिका, बालक्लब र सञ्जाल (क) प्रचलित कानूनअनुसार बालक्लब र सञ्जालको स्थापना, दर्ता गर्ने,

(ख) बालक्लब र सञ्जाललाई समावेशी (विना भेदभाव) बनाउने र सदस्यता लिनेदिने प्रक्रियालाई सहज, सरल र सबैको पहुँचमा पुऱ्याउने,

(ग) बालक्लब र सञ्जालका सदस्यहरूलाई बालअधिकार, बालसहभागिताका प्रक्रिया तथा जीवनउपयोगी सीप लगायतका तालिम आयोजना गर्ने, गराउने,

(घ) बालअधिकार उल्लङ्घन भएमा सामुहिक आवाज उठाउने तथा सम्बन्धित निकायमा सुचना तथा उजुरी दिने,

(ङ) स्थानीयस्तरमा बालसहभागिता प्रवर्धन गर्ने अभ्यास बढाउन योजना, कार्यक्रम बनाउन स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय सहकार्य गर्ने,

(च) स्थानीयस्तरमा बालअधिकार र बालसहभागितासम्बन्धी अनुगमन प्रक्रियामा सक्रिय रूपमा सहभागी हुने ।

## परिच्छेद ६ : अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

**१५. अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन :**

(१) यस कार्यविधिको कार्यान्वयन तथा लक्ष्य प्राप्तिको लागि सरोकारवालाहरू तथा स्वयं लक्षित समूहहरूको प्रत्यक्ष संलग्नतामा प्रत्येक वर्ष सहभागितामूलक अनुगमन गरिनेछ ।

(२) यस कार्यविधि कार्यान्वयनको पहिलो वर्षभित्र बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गतको महाशाखाबाट प्रदेश तहको बालसहभागितासम्बन्धी एक आधाररेखा (बेसलाइन) तथ्याङ्क संकलन गरिनेछ । यसको लागि प्रदेश अन्तर्गतका स्थानीय तहहरु, बालअधिकार तथा बालसहभागिताको क्षेत्रमा क्रियाशील संघ संस्था, विकास साझेदार, बालक्लब, बाल क्लब सञ्जाल र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

(३) उपनियम (२) बमोजिमको आधार रेखा (बेसलाइन) तथ्याङ्कको आधारमा यस कार्यविधिमा समावेश भएका क्रियाकलापहरूलाई आवश्यकताअनुसार परिमार्जन समेत गर्न सकिनेछ ।

(४) यस कार्यविधिको कार्यान्वयनको प्रत्येक वर्ष प्रगति समिक्षा गरिनेछ । प्रगति समिक्षाबाट आएको सुझावहरुका आधारमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(५) प्रत्येक तीन तीन वर्षमा कार्यविधि कार्यान्वयनको उपलब्धिहरुको विस्तृत मूल्याङ्कन गरिनेछ । सोको लागि बालबालिका सम्बन्धी विषय हेर्ने महाशाखा, सम्बन्धित अन्य महाशाखाहरु, शाखाहरु, सरोकारवाला सरकारी निकाय, संघ संस्था, विकास साझेदार तथा बालबालिका समेतको प्रत्यक्ष सहभागितामा एक मध्यावधि मूल्याङ्कन समिति गठन गरिनेछ । समितिले मूल्याङ्कन गर्नको लागि सूचकहरू निर्धारण गरी स्थलगत अध्ययन, अवलोकन तथा आवश्यकताअनुसार मूल्याङ्कन कार्यशालाहरु समेत सञ्चालन गरी मध्यावधि मूल्याङ्कन गर्नेछ ।

## परिच्छेद ७ : विविध

१६. **यसै कार्यविधि बमोजिम हुने** : यस कार्यविधिमा लेखिए जति कुरामा यसै बमोजिम र अरूमा प्रचलित संघिय र प्रदेश कानून बमोजिम हुनेछ । संघीय र प्रदेश कानूनसँग बाझिएको कुरा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१७. **कार्यक्रम तथा बजेट निर्माण र परिचालन गर्ने अधिकार** : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयले कार्यविधि कार्यान्वयनका लागि आवश्यक कार्यक्रम तथा बजेट व्यवस्थ गर्नसक्नेछ । यसका साथै यो कार्यविधि कार्यान्वयनका लागि विकाश साझेदार विभिन्न नागरिक समाज संघ संस्थालाई परिचालन गर्न सक्नेछ ।

१८. **अधिकार प्रत्यायोजन** : प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी समिति, महाशाखा, शाखा, वा शाखाको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **संशोधन, बचाउ तथा खारेजी** : यस कार्यविधिको संशोधन, बचाउ तथा खारेजी प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले गर्नेछ ।

२०. **बाधा अड्काउ फुकाउ** : कार्यविधि कार्यान्वयनमा कुनै समस्या भएमा यसको बाधा अड्काउ प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले गर्ने

## अनुसुची १

## बाल क्लब तथा बाल क्लब सञ्जालको काम तथा जिम्मेवारी

(क) बाल क्लब तथा बाल क्लब सञ्जालले नियमित बैठक गर्ने ।

(ख) बाल क्लबका सदस्यहरुबीच छलफल, सिकाइ आदानप्रदान गर्ने ।

(ग) बाल विकाससँग सम्बन्धित क्रियाकलाप जस्तै खेलकुद, भित्ते पत्रिका प्रकाशन, कला, साँस्कृतिक कार्यक्रम आदि गर्ने ।

(घ) सामुदायिक स्वयंसेवासँग सम्बन्धित क्रियाकलाप गर्ने ।

(ड) अतिरिक्त क्रियाकलापहरु आयोजना गर्ने ।

(च) परम्परागत हानीकारक अभ्यासहरुको अन्त्यका लागि सचेतना अभियानहरु गर्ने ।

(छ) बाल अधिकारको प्रचार प्रसार गर्ने ।

(ज) बाल संरक्षणको प्रवर्धन गर्ने ।

(झ) बाल अधिकारको अवस्थाको अनुगमन गर्ने ।

(ञ) बालबालिकाको सर्वाङ्गिण विकाससँग सम्बन्धित कार्यहरु गर्ने ।

(ट) बालबालिकाको सर्वोत्तम हितमा योगदान पुग्ने क्रियाकलापहरु गर्ने ।

(ठ) बालअधिकारसँग सम्बन्धित सवालहरुमा आवश्यक संवाद, सिफारिस गर्ने ।

(ड) स्थानीय तहको योजना निर्माण प्रक्रियामा सहभागी भई बालबालिकाका आवाजहरु उठाउने ।

(ढ) बाल भेला आयोजना गरी बालबालिकाहरुको सहभागिता गराउने ।

(ण) राजनीतिक विचार दल तथा तिनका भातृ संगठनसँग सम्बन्धित कुनै पनि क्रियाकलापहरु नगर्ने ।

(त) देशको विद्यमान कानुन, नीति, नियमले बन्देज गरेका कुनै पनि कार्य नगर्ने नगराउने ।

(थ) आफ्ना अभिभावक, शिक्षक, अग्रजप्रति आदर र सम्मान व्यक्त गर्नु बाल क्लब तथा बाल क्लब सञ्जालका सदस्यहरुको कर्तव्य हुनेछ ।